मिति २०८०/१२/३० गते राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०२४ मनाउन गठित मूल समारोह समितिका अध्यक्ष तथा यस मन्त्रालयका श्रीमान् सचिवज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०२४ लाई भव्य एवं सभ्यरुपमा मनाउनका लागि गठित मूल समारोह समितिको बैठकको निर्णयहरु:

१. राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०२४ को लागि नाराको रुपमा "समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार" तय गर्ने।
२. सबै मन्त्रालय/सचिवालय/आयोग तथा सो अन्तर्गतका निकायहरुको वेबसाइटको होमपेज, आधिकारिक सामाजिक सञ्जालको पेज वा अन्य प्रविधिको माध्यममा तोकिएको नारा २०८१ बैशाख १५ देखि २१ गते सम्म राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०२४ को लागि तय भएको नारा "समृद्ध नेपालको आधार, सूचना प्रविधि र सञ्चार" सहित राष्ट्रिय सूचना तथा संचार प्रविधि दिवस, २०२४ भव्यताका साथ मनाऔं भन्ने सन्देश प्रवाह गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने।
३. प्रदेशस्तरका कार्यालयहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्थानीय तहहरूमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालयहरूमा गृह मन्त्रालय मार्फत र विद्यालय/विश्वविद्यालय/महाविद्यालयहरूमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत पत्राचार गरी राष्ट्रिय सूचना तथा संचार प्रविधि दिवस, २०२४ मनाउन अनुरोध गर्ने।
४. राष्ट्रिय समाचार समिति, गोरखापत्र, नेपाल टेलिभिजन, रेडियो नेपाल जस्ता सरकारी सञ्चार माध्यममा सो सम्बन्धी कार्यक्रमहरू डिजाइन गरी प्रवाह गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने। निजी क्षेत्रका सञ्चार माध्यमलाई सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित सामग्री एवं कार्यक्रम सञ्चालनका लागि नेपाल पत्रकार महासंघ र रेडियो टेलिभिजनसँग सम्बन्धित कार्यक्रम सम्बन्धित संघसंस्था मार्फत संचालनको लागि अनुरोध गर्ने।
५. मूल समारोह समितिको मिति २०८० चैत्र २१ गते बसेको बैठकको निर्णय नं. ५ मा समारोहको मूल स्थलमै ICT Start Up and Innovation र विश्वविद्यालयहरूका उत्कृष्ट Innovation and Research Oriented प्रोजेक्टहरुको प्रदर्शनी गर्ने सम्बन्धमा व्यवस्थापन उपसमितिले कार्यक्रम तय गरी अर्को बैठकमा पेस गर्ने भन्ने निर्णय बमोजिमका कार्यक्रमहरू प्रस्ताव गर्न संभव भएसम्म फरक फरक विश्वविद्यालयबाट प्रतिनिधित्व हुने गरी ५ बटा उत्कृष्ट नवप्रवर्तन प्रोजेक्टहरू, निजी क्षेत्रबाट समावेश हुने गरी १० बटा स्टार्ट अपका प्रोडक्टहरू र प्रदेशगत रुपमा प्रतिनिधित्व हुने गरी कम्तीमा ३ बटा सूचना प्रविधि प्रोडक्टहरू यकीन गरी व्यवस्थापन उपसमितिले आगामी बैठकमा प्रस्तुत गर्ने।
६. राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०२४ को मूल समारोह बिहान ९ बजेदेखि २ बजेसम्म आयोजना गर्ने।
७. राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०२४ को नारालाई दूरसञ्चार सेवा प्रदायक मार्फत् तीन दिनसम्म (बैशाख १८, १९ र २० गते) Call Ring Back Tone को रुपमा बजाउने व्यवस्था गर्ने तथा

रामकृष्ण सुबेदी

उक्त नारा वैशाख २० गते बिहान मोबाइल प्रयोगकर्ताहरुलाई SMS मार्फत पठाउने व्यवस्था गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई लेखी पठाउने।

८. राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०२४ को सन्दर्भमा आयोजना गरिने २०८१।०१।२० गतेको कार्यक्रमको नेपाल टेलिभिजन, रेडियो नेपाल, YouTube तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको Facebook Page बाट प्रत्यक्ष प्रसारण गर्ने।

९. राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०२४ सँग सम्बन्धित दुई वटा जिङ्गल तथा Call Ring Back Tone (CRBT) का लागि दिवसको लागि तय गरिएको नारा रेकर्ड गरी उपलब्ध गराउन रेडियो नेपाललाई अनुरोध गर्ने।

१०. राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०२४ को अवसरमा सामाजिक सञ्जालहरुमा ह्यासट्याग (hashtag)#NationalICTDAY2024 प्रयोग गर्ने।

रामकृष्ण सुवेदी
सचिव